अनुसूची (२९दफा ४ तथा अनुसूची (१)को भाग१ सँग सम्बन्धित)

**लैङ्गिक हिंसा निवारण कोष (संचालन) कार्यविधि, २०७७**

# स्थानीय राजपत्र

खण्ड ९ संख्या १ मिति २०८२।०३।१५

भाग-१
जनकपुरधाम उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जनकपुरधाम, धनुषा
मधेश प्रदेश, नेपाल

## लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७७

**प्रस्तावनाः**

जनकपुरधाम उप-महानगरपालिका क्षेत्रभित्रका लैङ्गिक हिंसा पीडित वा प्रभावितहरुको उद्धार, राहत एवम् पुनर्स्थापना कार्यका लागि लैङ्गिक हिंसा निवारण कोष स्थापना गर्न वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी जनकपुरधाम उप-महानगरपालिकाले यो कार्यविधि बनाएको छ ।

अनुसूची (२९दफा ४ तथा अनुसूची (१)को भाग१ सँग सम्बन्धित)

## लैङ्गिक हिंसा निवारण कोष (संचालन) कार्यविधि, २०७७

**१.संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "**लैङ्गिक हिंसा निवारण कोष (संचालन) कार्यविधि**" २०७७ रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाले पारित गरेपछि लागु हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "कार्यालय" भन्नाले जनकपुरधाम उपमहानगरपालिको कार्यालय सम्झनुपर्छ ।

(ख) "नगरपालिका" भन्नाले जनकपुरधाम उपमहानगरपालिकालाई जनाउँदछ ।

(ग) "कोष "भन्नाले दफा ३ बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्झनुपर्छ ।

(घ) "पीडित" भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनुपर्छ ।

(ङ) "उद्धार तथा राहत समिति "भन्नाले दफा ११ बमोजिमको तत्काल उद्धार तथा राहत समिति सम्झनुपर्छ।

(च) "लैङ्गिक हिंसा" भन्नाले घरपरिवार, समुदाय, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसा सम्झनुपर्छ।

**३. कोषको स्थापना** : (१) लैङ्गिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिनेछ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्ः-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम

(ग) नगरपालिकाले वार्षिक रुपमा कोष परिचालनका लागि छुट्टयाएको रकम,

(घ) विदेशी व्यक्ति तथा अन्तर्राष्ट्रिय संघसंस्था वा सरकारबाट प्राप्त रकम,

(ङ) स्वदेशी व्यक्ति वा संघ वा संस्थाबाट प्राप्त रकम,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (१) बमोजिमको रकम नगरपालिकाले कुनै बाणिज्य बैंकमा छुट्टै खाता खोली जम्मा गर्न सक्नेछ ।

(४) कोषको खाताको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

४. **कोषमा रकम जम्मा गर्ने** : महिला तथा बालबालिकाको हकहितको क्षेत्रमा नगरपालिकाको क्षेत्रभित्र कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले वार्षिक रुपमा गर्ने खर्चको नगरपालिकाले तोके बमोजिमको प्रतिशत बराबरको रकममा नघटाई कोषमा जम्मा गर्नु पर्नेछ ।

**५.कोषको उपयोग** : (१) कोषको रकम देहायको कामका लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ :-

(क) तत्काल उद्धार गर्न,

(ख) औषधि उपचार गर्न,

(ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलव्ध गराउन,

(घ) कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्श प्रदान गर्न,

(ङ) पुनर्स्थापना गराउन,

(च) लैंगिक हिंसा र यौनजन्य दुर्व्यवहारको कसूरबाट पीडितले प्रचलित कानून बमोजिम कसूरदारबाट प्राप्त गर्नुपर्ने क्षतिपुर्ति त्यस्तो कसूरदारको कुनै सम्पत्ति नभएको कारणबाट प्राप्त गर्न नसक्ने देखिई अदालतको आदेश बमोजिमको रकम पीडितलाई क्षतिपूर्ति स्वरुप भराउन लेखि आएमा त्यस्तो क्षतिपूर्ति दिन,

(छ) कुनै व्यवसाय वा स्वरोजगार गर्नको लागि वीउ पुँजी (सिड मनि) को रुपमा प्रदान गर्न,

(ज) हिंसा पीडित र प्रभावित महिलाका लागि पुनर्स्थापना केन्द्र सञ्चालन गर्न,

## लैङ्गिक हिंसा निवारण कोष (संचालन) कार्यविधि, २०७७

(झ) पीडितको लागि समितिले तोके बमोजिमको अन्य कार्यमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागु पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

**६. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिनेः** (१) कोषको रकम दफा ५ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

**७. संचालक समितिको गठनः** (१) कोषको संचालन तथा व्यवस्थापन गर्ने काम समेतका लागि एक कोष संचालक समिति रहनेछ ।

२) उपदफा (१) बमोजिमको संचालक समितिको गठन देहाय बमोजिम हुनेछः-

| | |
|---|---|
| (क) उप-प्रमुख | संयोजक |
| (ख) सामाजिक विकास समितिको संयोजक | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) कानून अधिकृत | सदस्य |
| (ङ) जिल्ला प्रहरी कार्यालयको प्रमुख | सदस्य |
| (च) लैगिंक हिंसा निवारणको क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरुमध्ये एक जना प्रतिनिधि | सदस्य |
| (छ) महिला, बालबालिका तथा सामाजिक समावेशीकरण शाखा प्रमुख | सदस्य - सचिव |

(३) उपदफा (२) को खण्ड (च) बमोजिमको सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

**८. सञ्चालक समितिको काम, कर्तव्य र अधिकार** : सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा उप-महानगरपालिकाबाट स्वीकृत नीति, योजना तथा कार्यक्रमको लागि कोषको रकम प्रयोग गर्ने,

(ख) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन लैङ्गिक हिंसा निवारण कोषमा रकम व्यवस्था गर्ने,

(ग) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(घ) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन गर्ने वा गराउने,

(ङ) नगर स्तरमा लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ संस्था तथा निकायहरु बीच समन्वय गर्ने,

(च) लैङ्गिक हिंसा हुन नदिनको लागि स्थानीय स्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(छ) नगरपालिका भित्र घटेका लैङ्गिक हिंसा सम्बन्धी घटनाको अभिलेख अद्यावधिक गर्ने,

(ज) स्वरोजगार वा सीपमूलक तालिम प्राप्त पीडितलाई वीउ पूँजी (सिड मनि) प्रदान गर्ने,

(झ) कोष वृद्धिका लागि स्रोतको खोजी गर्ने,

(ञ) लैङ्गिक हिंसा निवारण सम्वन्धी अन्य काम गर्ने वा गराउने ।

**९. समितिको बैठक र निर्णय** : (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्नु भन्दा कम्तिमा २४ घण्टा अगावै समितिका सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

# लैङ्गिक हिंसा निवारण कोष (संचालन) कार्यविधि, २०७७

(५) समितिको बैठकको अध्यक्षता सो समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा सामाजिक विकास समितिको संयोजकले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयक मत दिनेछ ।

७) समितिले बैठकमा आवश्यकता अनुसार नेपाल सरकारको कुनै कर्मचारी, पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षक र गैरसरकारी संस्थालाई आमन्त्रितको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको निर्णय समितिको संयोजकबाट प्रमाणित हुनेछ,

(९) समितिको बैठक सम्वन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१०. लैङ्गिक हिंसा निवारण कोषबाट रकम उपलब्ध गराउने** : (१) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनको लागि आवश्यकता अनुसार संचालक समितिको निर्णय बमोजिम कोषबाट अनुदान रकम उपलब्ध गराउन सक्नेछ ।

(२) कोषमा प्राप्त भएको रकम र उपदफा (१) बमोजिम खर्च भएको विवरण नगर कार्यपालिकामा चौमासिक रुपमा पेश गर्नुपर्नेछ ।

**११. तत्काल उद्धार तथा राहत समितिको व्यवस्था** :(१) लैङ्गिक हिंसामा परेका महिला, किशोरी तथा बालबालिकाको तत्काल उद्धार लगायतका कार्य गर्न नगर स्तरीय देहाय बमोजिमको तत्काल उद्धार तथा राहत समिति रहनेछ :

| | |
|---|---|
| (क) सामाजिक विकास समितिको संयोजक वा निजले तोकेको सदस्य | संयोजक |
| (ख) स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| (ग) नगर प्रहरी ईकाइ प्रमुख | सदस्य |

(घ) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत

गैरसरकारी संस्थाहरुमध्ये एकजना प्रतिनिधि सदस्य

(ङ) एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) को प्रतिनिधि सदस्य

(च) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा

केन्द्र (महिला सेल) को प्रमुख सदस्य

(छ) महिला, बालबालिका तथा सामाजिक समावेशीकरण शाखा प्रमुख सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (घ) बमोजिमको सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(३) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कुनै संचार माध्यमबाट प्रकाशित, प्रसारित समाचार वा प्राप्त सूचनाका आधारमा नगरभित्र घटेका हिंसाका घटनाका सम्बन्धमा नगरपालिका भित्र तत्काल उद्धारको काम भए, नभएको सम्बन्धमा जानकारी लिने,

(ख) तत्काल उद्वार गर्न आवश्यक सहजीकरण र समन्वय गर्ने,

(ग) नगरभित्र हिंसामा परेका महिला, किशोरी तथा बालबालिकाको तत्काल उद्धार, संरक्षण तथा व्यवस्थापन गर्न आवश्यक नीति, योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने र सोको प्रतिवेदन कार्यपलिकामा पेश गर्ने,

(घ) संचालक समितिले तोके बमोजिमको अन्य कार्य गर्ने ।

**१२. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार :** (१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराउन सकिनेछ ।

## लैङ्गिक हिंसा निवारण कोष (संचालन) कार्यविधि, २०७७

(क) पीडितलाई तत्काल उद्धार गर्नुपर्ने भएमा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रतिदिन तीन सय रुपैया र बास बस्नु पर्ने भए सो वापत छुटै रकम दिनु पर्ने भएमा प्रतिदिन पाँच सय रुपैयांको दरले बढीमा पाँच हजार रुपैयाँ,

(ख) पीडितलाइ अस्पतालमा भर्ना गरी औषधि उपचार गर्नुपर्ने भएमा अस्पताल आउँदा जाँदा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रतिदिन तीन सय रुपैयां, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बढिमा पाँच दिनको बसोवास खर्च बापत प्रतिदिन पाँच सय रुपैयाँ र उपचार खर्च समेत गरी बढीमा छ हजार पाँचसय रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च, पीडितसंग आश्रित बालबालिका भए बालबालिकाका लागि पनि सोही दरमा खाना खर्च उपलब्ध गराउन सकिनेछ ।

(ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँचहजार रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च,

(घ) उप-महानगरपालिकाको स्थायी बासिन्दाको हकमा निजले कुनै व्यवसाय गर्न चाहेमा समितिले तोके बमोजिम वीउ पूँजीको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरी बढिमा तीस हजार रुपैया,

(ङ) पुनर्स्थापनाको लागि बढीमा पाँच हजार रुपैयां,

(च) संचालक समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढीमा दश हजार रूपैयाँ।

(२) उपदफा (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिब आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिब देखिएमा समितिले त्यस्ता पीडितलाई दुई हजार रुपैयाँमा नवढ्ने गरी मनासिब रकम थप गरी दिन सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल बाहिर रहे बसेको पीडितलाई समितिले तोके बमोजिमको राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ ।

## लैङ्गिक हिंसा निवारण कोष (संचालन) कार्यविधि, २०७७

**१३. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनुपर्नेः** (१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनुपर्ने मनासिव कारण खुलाई अनुसुचि १ बमोजिमको ढाँचामा समितिमा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा समितिले दफा १२ को अधीनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

**१४ तत्काल रकम उपलब्ध गराउन सक्ने** : (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि जलाइएको, एसिड प्रयोग गरी वा छर्की वा त्यस्तो पदार्थले पोलेको लगायत गम्भीर प्रकृतिका घटनाका पीडितलाई तत्काल उद्दार, औषधी उपचार, पुनर्स्थापना वा राहत लगायतको प्रयोजनको लागि तत्काल आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर तथा मानवीय क्षति हुने देखिएमा र संचालक समितिको बैठक बस्ने अवस्था नरहेमा संचालक समितिको संयोजकले आवश्कयता र औचित्यताका आधारमा सो प्रयोजनका लागि कोषवाट पचास हजार रुपैयाँमा नबढ्ने गरी मनासिब रकम सम्वन्धित पीडितलाई उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवस्था परी समितिको संयोजकबाट पीडितलाई रकम उपलव्ध गराइएकोमा त्यसरी रकम उपलव्ध गराइएपछि बस्ने समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ।

**१५. थप रकम निकासा माग गर्न सक्नेः** (१) लैङ्गिक हिंसा पीडित वा प्रभावितलाई तत्काल उद्धार तथा राहत प्रदान गर्दा कोषमा भएको रकम भन्दा बढी खर्च भएमा मनासिब कारण र प्रमाण खुलाई केन्द्रीय तत्काल उद्धार तथा राहत समितिमा थप खर्च भएको रकम माग गर्न सकिनेछ ।

**१६. कार्यविधि बमोजिम खर्च गर्न सकिने** : लैगिक हिंसा निवारणका लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय तथा नेपाल सरकारका अन्य निकाय र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त बजेट तथा कार्यक्रम मापदण्ड तोकिई आएकोमा सोही बमोजिम र नतोकिएकोमा यसै कार्यविधि बमोजिम खर्च गर्न सकिनेछ ।

**१७. कोषको लेखा र लेखापरीक्षण:** (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

## लैङ्गिक हिंसा निवारण कोष (संचालन) कार्यविधि, २०७७

**१८. आवर्ति (रिभल्भीङ) कोष** : यो कोष आवर्ति (रिभल्भिङ्ग) कोषको रुपमा रहनेछ ।

**१९. प्रतिवेदन पेश गर्नेः** (१) तत्काल उद्धार तथा राहत समितिले सो समितिबाट भए गरेका काम कारवाहीको प्रतिवेदन प्रत्येक वर्ष संचालक समितिमा पेश गर्नु पर्नेछ ।

(२) संचालक समितिले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सो समितिबाट अघिल्लो आर्थिक वर्ष भरिमा भए गरेका काम कारवाहीको प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(३) कार्यपालिकाले उपदफा (२) बमोजिमको प्रतिवेदन सार्वजनिक गर्न सक्नेछ ।

**२०. बैठक भत्ता** : सञ्चालक समिति संयोजक वा सदस्यले र तत्काल राहत तथा उद्धार समितिका अध्यक्ष र सदस्यले समितिको बैठकमा भाग लिए बापत कानून बमोजिमको रकम बैठक भत्ता वापत पाउनेछन् ।

२१. कार्यपालिकाले आवश्यकता अनुसार कार्यविधिमा संशोधन तथा थपघट गर्न सक्नेछ ।

## लैङ्गिक हिंसा निवारण कोष (संचालन) कार्यविधि, २०७७

### अनुसूची-१

**(दफा १३ को उपदफा १ सँग सम्बन्धित)**
**सहयोग प्राप्तिको लागि पेश गर्ने निवेदनको ढाँचा**

श्री संयोजक ज्यू,
तत्काल उद्धार तथा राहत समिति
जनकपुरधाम उप-महानगरपालिका ।

विषय — सहयोग उपलब्ध गराई पाउँ ।

म ...................... मा बस्ने वर्ष .......... को ......................... मिति......................मा लैङ्गिक हिंसाबाट पीडित भएको छु । मेरो आर्थिक स्तर ज्यादै कमजोर रहेको छ । म उपर लैङ्गिक हिंसा ( ................ ) भएको कारणले मेरो मानसिक/शारीरिक/सामाजिक अवस्था कमजोर अवस्थामा रहेको हुनाले मलाई औषधी उपचार/कानूनी सहायता एवम् परामर्श/ उद्धार/ मनोविमर्श/ स्वरोजगार/ पुनर्स्थापना/अन्य...............कामको लागि सहयोगको आवश्यकता परेको हुँदा लैङ्गिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराई दिनु हुन् यो निवेदन पेश गरको छु ।

निवेदकको
नाम, थर -
ठेगाना -
सम्पर्क नं.-
दस्तखत —

**प्रकाशित मितिः- २०८२।०३।१५ गते**

**आज्ञाले,**

**मित्र लाल ढकाल**
**प्रमुख प्रशासकीय अधिकृत**

**जनकपुरधाम उपमहानगरपालिका बाट प्रकाशित** **मुल्य रु. १० (दश) रुपैया**